आज मिति २०७५ साल आश्विन ४ गते दिउँसो १:०० बजे यस बढैयाताल गाउँपालिकाका अध्यक्ष श्री बलिराम डंगौरा थारु ज्यूको अध्यक्षतामा बसेको ५ औं गाउँ कार्यपालिका बैठकको उपस्थिति र निर्णय निम्न बमोजिम रहेको छ।

उपस्थिति

| | | | | |
|---|---|---|---|---|
| १) | श्री बलिराम डंगौरा थारु | अध्यक्ष | अध्यक्ष | (हस्ताक्षर) |
| २) | " भगवती देवी डंगौरा थारु | उपाध्यक्ष | सदस्य | (हस्ताक्षर) |
| ३) | " जयदेव खतिवडा | वडाध्यक्ष | सदस्य | (हस्ताक्षर) |
| ४) | " भेखु चौधरी | वडाध्यक्ष | सदस्य | (हस्ताक्षर) |
| ५) | " करने सुनार | वडाध्यक्ष | सदस्य | करने |
| ६) | " फुरन सिंह बि.सी. | वडाध्यक्ष | सदस्य | (हस्ताक्षर) |
| ७) | " श्याम कुमारी चौधरी | वडाध्यक्ष | सदस्य | (हस्ताक्षर) |
| ८) | " रामकृष्ण डंगौरा थारु | वडाध्यक्ष | सदस्य | (हस्ताक्षर) |
| ९) | " कोकिला रावी | महिला सदस्य | सदस्य | (हस्ताक्षर) |
| १०) | " बालकुमारी थरुनी | " | " | बालकुमारी |
| ११) | " गोमादेवी विश्वकर्मा | " | " | गोमा |
| १२) | " बेलुदेवी वि.क. | " | " | बेलु |
| १३) | " टेकबहादुर कामी | दलित वा अल्पसंख्यक सदस्य | " | Tek Baha |
| १४) | " बुदे बादी | दलित वा अल्पसंख्यक सदस्य | " | बुदे बादी |
| १५) | " अर्जुन सिंह कार्की | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | (हस्ताक्षर) |

आमन्त्रित

१६) ना.सु. श्री गोविन्द राज रेग्मी (हस्ताक्षर)

प्रस्ताव नं. १. सडक बोर्डबाट प्राप्त रकम सम्बन्धमा।

निर्णय नं. १.

प्रस्ताव नं. १ माथी छलफल गर्दा सडक बोर्डबाट प्राप्त रु. १० लाख र यस गाउँपालिकाको समपूरक कोषबाट रु. ३ लाख समेत गरी जम्मा रकम रु. १३,००,०००/- लाई यस गाउँपालिका भित्रका निर्माणाधीन सडक योजनाहरूमा खर्च गर्न गरी रकम विनियोजन गर्ने निर्णय पारित गरियो।

तपसिल

(हस्ताक्षर) (हस्ताक्षर)

१) वडा नं. ४ सागर बस्ने घरदेखि तल्लापानी र बाँझाबस्ता जाने सडक ग्राभेल/मर्मत ——— रु. ४,००,०००/-

२) वडा नं. ४ गौतिया प्रदर्श मुक्ति शिविर देखि कुटकोवा जाने सडक ग्राभेल मर्मत ——— रु. १,००,०००/-

३) वडा नं. १ को छप्पावाग देखि ६ नं. वडा कार्यालय सम्मको सडक ग्राभेल र मर्मत ——— रु. ६,००,०००/-

४) वडा नं. २ को बेलुवा गाउँदेखि लोहगढ सम्मको सडक ग्राभेल/मर्मत ——— रु. ३,००,०००/-

प्रस्ताव नं. २ आर्थिक सहायताको मापदण्ड तय सम्बन्धमा।

निर्णय नं. २

प्रस्ताव नं. २ माथी छलफल गर्दा सम्बन्धित व्यक्ति वा संघ संस्थाले सम्बन्धित वडा अध्यक्षको सिफारिस सहित आर्थिक सहयोगको लागि माग भई आएकोमा, आवश्यकता र औचित्यको आधारमा पाँच हजार सम्मको आ.व. सम्बन्धित व्यक्तिलाई र संघ संस्थाहरुलाई वडा स्तरीय कार्यक्रम मार्फत रु. १०,०००/- र गाउँपालिका स्तरीय कार्यक्रम मार्फत १५,०००/- हजार रकम, गाउँपालिका अध्यक्षज्यूले दिन सक्ने गरी अख्तियारी प्रत्यायोजन गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ३ ३ नं. का सडकपुर गौतिया पहाडी रहेको सार्वजनिक जग्गाको सम्बन्धमा।

निर्णय नं. ३ - प्रस्ताव नं. ३ माथि छलफल गर्दा चालु आ.व. ०७६/०७७ को वार्षिक कार्यक्रममा गाउँपालिका कार्यालय भवन निर्माणको लागि रकम विनियोजन भईसकेको हुँदा उक्त निर्माण को कार्य निकट भविष्यमै सञ्चालन गर्नुपर्ने भएकोले यस गा.पा. वडा नं. १ सडकपुर गौतिया स्थित इलाका प्रहरी कार्यालयको पहाडी क्षेत्र तर्फ रहेको कबिब ०-१८-० (अठार कट्ठा जग्गा) लाई यस गाउँपालिकाले आफ्नो मातहतमा ल्याई कार्यालय भवन निर्माणको प्रक्रिया अगाडी बढाउने निर्णय पारित गरियो।

प्रस्ताव नं. ४ - घैंटाफोर कार्यक्रमको लागि रकम विनियोजन सम्बन्धमा।

निर्णय नं. ४ - प्रस्ताव नं. ४ माथी छलफल गर्दा सडकपुर गौतिया युवा क्लवको आयोजनामा २०७६/१४/१८ गते थौहटा जनता रंगमञ्च प्रांगणमा भएको घैंटाफोड कार्यक्रम को लागि चालु आ.व. को सांस्कृतिक संरक्षण तर्फको रकमबाट रु. ५०,०००/- (पचास हजार मात्र) विनियोजन गर्ने निर्णय पारित गरियो।

प्रस्ताव नं. ५ राजमार्ग क्षेत्र भित्र घर टहरा हटाउने सम्बन्धमा।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथी छलफल गर्दा राजमार्गको सडक ईडे-मा अनाधिकृत रुपमा बनाइएका घर-टहरा हटाउने सम्बन्धी गाउँ कार्यपालिकाले २०७५/०३/०३ मा निर्णय गरी २०७५/६/१ तर्फ उक्त अनाधिकृत रुपमा बनाइएका घर-टहरा हटाउनको लागि सूचना प्रकाशन गरिएकोमा निज आवेदक आइरहेको नेपालीहरुको महानगर दर्ता. दिपावली समेतलाई मध्यनजर गरी यही २०७५/६/१० गते सम्मलाई उक्त सूचनाको म्याद थप गर्ने र सडकको नाप-जाँच तथा गर्ने यही मिति २०७५/६/८ गते पदाधिकारी र प्राविधिक कर्मचारीहरुको रोहवरमा उक्त क्षेत्रको रेखांकन गर्ने निर्णय पारित गरियो।

निर्णय नं. ६: वडा सचिवको पदपूर्ति सम्बन्धमा।

निर्णय नं. ६. प्रस्ताव नं. ६ माथी छलफल गर्दा ४ नं. वडा कार्यालयको वडा सचिवको जिम्मेवारी कृषि प्राविधिकलाई दिइएकोमा निज अन्यत्र जाने सोचको र हाल उक्त वडा कार्यालयमा १ जना वडा सचिव नभई नहुने अवस्था भएकोले उक्त पदपूर्तिका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथी छलफल गर्दा यस वडागोरिया गाउँ-पालिका भित्र बसोबास गर्ने आर्थिकरुपले विपन्न व्यक्तिहरुलाई नयाँ गोबरग्यास निर्माण गरेबापत सम्बन्धित वडाध्यक्षको सिफारिसमा सम्बन्धित व्यक्तिलाई प्रोत्साहन स्वरुप रु. ५०००/- (अक्षरेपी रु. पाँचहजार मात्र) चालु आ.व.को समपूरक कोषबाट विनियोजन गरी भुक्तानी दिने निर्णय पारित गरियो।

प्रस्ताव नं. ८ पुराना घरहरुको अभिलेखीकरण सम्बन्धमा।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस गाउँपालिका क्षेत्र-भित्रका बस्ती विकास तथा शहरी मापदण्ड लागू हुनु पूर्व बनेका पुराना घरहरुलाई मापदण्ड पुरा गरी यही मिति २०७५/६/२० भित्र लाग्ने दस्तुरमा दोब्बर दस्तुर लिई २०७५/१/१५ पूर्व बनेका घरहरुलाई अभिलेखीकरण गर्ने निर्णय पारित गरियो।

[signature] [signature]